उपभोक्ता समिति मार्फत आयोजना निर्माण तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा तोकिएको कार्यविधि पूरा गरी उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने प्रावधान बमोजिम प्रदेश मन्त्रालयको कार्यक्षेत्रमा रहेको खानेपानी, सरसफाइ, सिँचाइ, तटबन्ध तथा ऊर्जा सम्बन्धी आयोजनामा उपभोक्ता समिति मार्फत हुने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन २०८२, को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेशको खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उपभोक्ता समिति मार्फत आयोजना निर्माण तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "आयोजना" भन्नाले यस कार्यविधि बमोजिम निर्माण तथा सञ्चालन हुने आयोजना वा योजना सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले आयोजना सञ्चालन हुने क्षेत्रका आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने व्यक्तिलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका डिभिजन/सब-डिभिजन कार्यालयहरूलाई सम्झनु पर्छ।

(घ) "प्राविधिक" भन्नाले कार्यालयले तोकेको सम्बन्धित आयोजना हेर्ने प्राविधिक कर्मचारीलाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय सम्झनु पर्छ।

(च) "वडा कार्यालय" भन्नाले आयोजना सञ्चालन हुने स्थानीय तहको वडा कार्यालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भई दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(ज) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, व्यवस्थापन, सञ्चालन र मर्मतसम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित सम्झौतालाई जनाउँछ।

(झ) "स्थानीय तह" भन्नाले आयोजना सञ्चालन हुने स्थानको स्थानीय तह सम्झनु पर्छ।

३. **उपभोक्ता समिति गठनः** उपभोक्ता समितिको गठन र दर्ता प्रचलित कानून बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** आयोजना कार्यान्वयनमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) उपभोक्तालाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यको कार्यविभाजन र जिम्मेवारी बाँडफाड गर्ने,

(घ) सम्झौता बमोजिम कार्य सम्पादन गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नुपर्ने भए प्राप्त गरेर मात्र शुरू गर्ने,

(ङ) समितिका सदस्यको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

(च) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक कार्यका साथै मर्मत सम्भार कार्य गर्ने,

(छ) अन्य कुनै कार्यालय वा निकायबाट विनियोजन भएको बजेट बारे कार्यालयमा जानकारी गराउने,

(ज) सेवा शुल्क लगायत मर्मत सम्भारमा भएको खर्च समेत देखिने गरी आफ्नो कोषको मौज्दात तथा जिन्सी मालसामान समेतको अभिलेख अद्यावधिक गर्ने,

(झ) आयोजना निर्माण तथा सञ्चालनमा जनपरिचालन गर्ने,

(ञ) लागत सहभागिताको लागि आवश्यक रकम व्यवस्थापन गर्ने,

(ट) आयोजना सञ्चालनमा आइपर्ने विवाद समाधान गर्ने,

(ठ) आर्थिक वर्ष समाप्त भएपश्चात कानून बमोजिम लेखापरीक्षण गराउने,

(ड) आम भेला मार्फत लेखापरीक्षण प्रतिवेदन अनुमोदन गराई विधान बमोजिम संस्था नवीकरण गराउने,

(ढ) तालिममा सहभागी हुने, निर्माण कार्य सञ्चालन, मर्मतसम्भार, निरिक्षण, मूल्याङ्कन तथा अनुगमन समेत गरी आयोजनाको गुणस्तर कायम गर्ने कार्यमा जिम्मेवारी वहन गर्ने।

५. **कार्यविधि पालना गर्नुपर्नेः** (१) मन्त्रालय अन्तर्गत कार्यान्वयन हुने खानेपानी, सरसफाइ, सिँचाइ, नदी नियन्त्रण तथा ऊर्जा सम्बन्धी आयोजनको निर्माण, व्यवस्थापन, सञ्चालन तथा मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने समितिले पूर्ण रूपमा कार्यविधिको पालना गर्नुपर्नेछ।

६. **आयोजना कार्यान्वयनः** (१) कार्यालयले समितिबाट सञ्चालन हुने आयोजनाको पहिचान वा छनौट गरी आयोजनाको ड्रईङ, डिजाइन र लागत अनुमान प्रचलित कानून बमोजिम स्वीकृत गर्नुपर्नेछ।

(२) आयोजनाको कार्यान्वयनको लागि समिति र कार्यालयबीच अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ। सम्झौता रकममा निर्माण कार्यको लागत, प्रयोग हुने सामग्रीको मुल्य अभिवृद्धि कर,

विमा, गुणस्तर परीक्षण, आयोजना सूचनापाटी तथा उपभोक्ताले व्यहोर्नुपर्ने अंश वापतको लागत आदि समावेश गरी तयार गर्नुपर्नेछ।

(३) कार्यालयले निर्माण कार्यको प्रकृति हेरी सम्झौता रकमको अनुसूची-२ बमोजिमको अंश बराबर लागत सहभागिता गराउनु पर्नेछ।

(४) आयोजना कार्यान्वयन गर्नु अगाडि कार्यालयले सम्वन्धित स्थानीय तह तथा अन्य सम्बन्धित कार्यालयलाई पत्राचार गरी योजना दोहोरोपना भए नभएको जानकारी लिनुपर्नेछ।

७. <u>आयोजना सम्झौताको लागि आवश्यक कागजातः</u> (१) समिति र कार्यालयबीच हुने सम्झौताको लागि देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछः-

(क) प्रचलित कानून बमोजिम समिति गठन भई दर्ता भएको प्रमाणपत्र,

(ख) समिति गठन सम्बन्धी उपभोक्ता भेलाको निर्णयको प्रतिलिपि,

(ग) समितिका सदस्यहरूको नागरीकताको प्रतिलिपि,

(घ) आयोजनाको लागत अनुमान र डिजाइन, ड्रइङ, स्पेसिफिकेसन विवरण,

(ङ) Bill of Quantities (BoQ),

(च) समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको समितिको निर्णय,

(छ) आयोजनाको कार्यान्वयनको कार्यतालिका,

(ज) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजात।

८. <u>उपभोक्ता समितिको क्षमता विकासः</u> (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै समितिका सदस्यलाई देहाय बमोजिमको विषयमा अभिमुखीकरण गर्न सक्नेछः-

(क) समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा,

(ख) सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रक्रिया, खर्चको लेखांकन र अभिलेख व्यवस्थापन,

(ङ) आयोजना कार्यान्वयन र अनुगमन प्रक्रिया,

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण,

(छ) आयोजना सञ्चालन तथा मर्मत सम्भार सम्बन्धमा,

(ज) अन्य आवश्यक विषयहरू (खानेपानी सुरक्षा योजना, पूर्ण सरसफाई, खानेपानी गुणस्तर, सिँचाइको संस्थागत विकास, ऊर्जा प्रवर्धन आदि)।

९. **खाता सञ्चालन:** (१) समितिको खाता नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंकमा सञ्चालन गर्नुपर्नेछ।

(२) समितिको निर्णयानुसार समितिको खाता अध्यक्ष, कोषाध्यक्ष वा सचिवमध्येबाट कम्तीमा २ जनाको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ।

१०. **भुक्तानी प्रक्रिया:** (१) कार्यालयले आयोजनाको भुक्तानी समितिको नाममा रहेको बैंक खाता मार्फत दिनुपर्नेछ।

(२) कार्यालयले समितिलाई सम्झौता बमोजिम कामको प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत वा अन्तिम भुक्तानी दिनुपर्नेछ।

(३) आयोजनाको कार्यान्वयनको लागि सामान्यतया पेश्की उपलब्ध गराइने छैन।

(४) समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजातसहित कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(५) आयोजनाको अन्तिम भुक्तानी हुनुभन्दा अगावै कार्यालयबाट अनुगमन गर्नुपर्नेछ।

(६) आयोजना सम्पन्न भई फरफारक गर्नुभन्दा अगावै समितिले स्थानीय जनप्रतिनिधिको रोहवरमा अनुसूची-४ बमोजिमको ढाँचामा खर्च सार्वजनिक गर्नुपर्नेछ।

(७) समितिले काम शुरू गर्नुभन्दा अगावै आयोजनाको नाम, सम्झौता रकम, लागत साझेदारीको अवस्था, काम शुरू र सम्पन्न गर्नुपर्ने अवधि समेत देखिने गरी तयार गरीएको अनुसूची-४ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नुपर्नेछ।

(८) आयोजनामा अन्य कुनै कार्यालय वा निकायबाट बजेट खर्च भएमा वा काममा दोहोरोपना भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समितिमा हुनुका साथै कार्यालयले भुक्तानी गर्न बाध्य हुनेछैन।

११. **निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नुपर्ने:** (१) समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्न देहाय बमोजिमका शर्तहरूको पालना गर्नु पर्नेछः-

(क) निर्माण सामग्री ड्रइङ्ग, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्ने,

(ख) निर्माण विधि र प्रक्रिया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्ने,

(ग) समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्ने।

(२) समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी कार्यालय र समितिको हुनेछ। कार्यालयले आवश्यक ठानेमा सम्झौतामा उल्लेख भएबमोजिम निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गराउने दायित्व सम्बन्धित समितिको हुनेछ।

१२. **अनुगमन समितिको व्यवस्था:** (१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न

उपभोक्ताहरूको भेलाबाट कम्तीमा एक जना महिलासहित तीन सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका सम्झौता बमोजिम भए नभएको यकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई जानकारी गराउने,

(ग) अनुगमन प्रतिवेदन पेश गर्ने,

(घ) आवश्यक अन्य कार्य गर्ने।

१३. <u>सहजीकरण र सहयोग गर्नुपर्नेः</u> समितिले आयोजनाको सुपरीवेक्षण, अनुगमन वा निरीक्षण गर्न अनुगमन समिति, कार्यालयका पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलब्ध गराउने तथा आयोजना अनुगमनको लागि सहजीकरण र सहयोग गर्नुपर्नेछ।

१४. <u>उपभोक्ता समितिको दायित्वः</u> (१) समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरूको अतिरिक्त देहाय बमोजिमको दायित्व बहन गर्नुपर्नेछः-

(क) आयोजना कार्यान्वयन गर्दा वातावरणमा प्रतिकुल प्रभाव नपर्ने सुनिश्चितता,

(ख) आयोजना सम्पन्न भए पश्चात कार्यालयबाट आयोजनाको स्वामित्व हस्तान्तरण लिई आयोजनाको दिगो व्यवस्थापन, सञ्चालन, रेखदेख तथा मर्मत सम्भारको जिम्मेवारी लिने,

(२) समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची-५ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) समितिले कार्य सम्पन्न भएपश्चात आम उपभोक्ता, जनप्रतिनिधिको उपस्थितिमा अनुसूची-६ बमोजिमको ढाँचामा सामाजिक लेखापरीक्षण गराउनु पर्नेछ।

१५. <u>कार्यालयको जिम्मेवारीः</u> (१) समिति मार्फत सञ्चालन गरीने आयोजनाको हकमा कार्यालयको जिम्मेवारी देहायका बमोजिम हुनेछः-

(क) आयोजनाको ड्रइङ्ग, डिजाईन, लागत अनुमन तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलव्ध गराउने,

(ख) समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने/गराउने,

(ग) समिति, सम्बन्धित प्राविधिक कर्मचारीको क्षमता अभिवृद्धि गर्ने,

(घ) आयोजनाको अनुगमन गर्ने/गराउने।।

प्रदेश सचिव

(२) तोकिएको समयमा समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले प्रचलित कानून बमोजिमको प्रक्रियाद्वारा कार्य गराउन सक्नेछ।

१६. <u>असुल उपर गरिने:</u> सम्झौता बमोजिम कार्य गर्दा समितिले भुक्तानी लिएको रकममा लेखापरीक्षणबाट बेरूजु उल्लेख भएमा सो रकम समितिबाट सरकारी बाँकी सरह असुल उपर गरीनेछ।

१७. <u>संशोधन तथा परिमार्जन:</u> यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

तर आर्थिक दायित्व पर्ने विषयमा कुनै द्विविधा उत्पन्न भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

१८. यो कार्यविधिमा उल्लेख भएका विषयहरू प्रचलित कानूनसँग बाझिएको भए बाझिएको हदसम्म अमान्य हुनेछ।

माननीय मन्त्री

प्रदेश सचिव

अनुसूची-१

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

योजना सम्झौता फाराम

१. सम्झौता गर्ने पक्ष र आयोजनाः

(क) कार्यालयः

(ख) उपभोक्ता समितिको विवरण

१. नामः

२. ठेगानाः

(ग) आयोजनाको विवरणः

१. नामः

२. आयोजना स्थलः

३. कामको विवरणः

४. आयोजना शुरू हुने मितिः

५. काम सम्पन्न गर्नुपर्ने मितिः

२. आयोजनाको सम्बन्धी विवरणः

(क) जम्मा सम्झौता रकमः

(१) कार्यालयबाट व्यहोर्ने रकम रू.:

(२) जन श्रमदान रू.:

(३) अन्य रू.:

(ख) आयोजनाबाट लाभान्वित हुनेः

(१) घरधुरी संख्याः

खसआर्य	जनजाती	दलित	अल्पसङ्ख्यक	अन्य	जम्मा

(२) कुल जनसङ्ख्याः

माननीय मन्त्री
बागमती प्रदेश सरकार खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय हेटौंडा, नेपाल
माननीय मन्त्री
सचिव

(३) संगठित संस्थाः

(४) अन्यः

३. उपभोक्ता समितिको विवरणः

(क) गठन भएको मितिः

(ख) पदाधिकारीको नाम र ठेगाना (नागरीकता प्रमाणपत्र नं. र जारी जिल्ला)

क्र.स.	समितिको पदाधिकारीको नाम र सम्पर्क नं.			ठेगाना	नागरीकता प्रमाणपत्र नं.	जारी जिल्ला	कैफियत
	नाम थर	पद	सम्पर्क नं.				

(ग) समितिको स्थायी लेखा नं.:

४. आयोजना मर्मत सम्भार सम्बन्धी व्यवस्थाः

(क) आयोजना मर्मत सम्भारको जिम्मा लिने समिति वा संस्थाको नामः

(ख) मर्मत सम्भारको सम्भावित स्रोत (छ वा छैन खुलाउने):

(१) जनश्रमदानः

(२) सेवा शुल्कः

(३) दस्तुर वा चन्दाः

(४) अन्य कुनै स्रोत भए उल्लेख गर्नेः

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
हेटौंडा, नेपाल

मानननीय मन्त्री

सम्झौताका शर्तहरू

(क) समितिको जिम्मेवारी तथा पालना गर्नुपर्ने शर्तहरू

१. आयोजना मिति .... देखि शुरू गरी मिति .... सम्ममा पूरा गर्नुपर्नेछ।

२. प्राप्त रकम तथा निर्माण सामग्री सम्बन्धित आयोजनाको निर्माण तथा व्यवस्थापनको लागि मात्र प्रयोग गर्नुपर्नेछ।

३. नगदी, जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेछ।

४. आम्दानी तथा खर्चको विवरण र कार्यप्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी भुक्तानीको लागि माग गर्नुपर्नेछ।

५. सम्झौता बमोजिमको कार्य उपभोक्ता समिति आफैंले मार्फत गर्नुपर्नेछ। निर्माण व्यवसायी वा अन्य माध्यमबाट गराउन पाइने छैन।

६. समितिले कार्यालयबाट भुक्तानी पाएको रकम दुरूपयोग भएको पाइएमा कार्यालयबाट छानबिन गरी दुरूपयोग भएको रकम समितिमा संलग्न पदाधिकारीबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गरीनेछ।

७. सम्झौता भएको १५ दिनभित्र समितिले काम शुरू गर्नुपर्नेछ। उल्लिखित अवधिमा कार्य शुरू नभएमा वा स्पष्ट कारण बिना सम्झौता भएको ३० दिनसम्म कार्य शुरू नभएमा कार्यालयले सम्झौता भङ्ग गर्न सक्नेछ।

८. आयोजनाको सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्यको प्राविधिक मूल्याङ्कनको आधारमा श्रमदानको अंश कट्टा गरी भुक्तानी दिनुपर्नेछ। सम्झौता बमोजिमको कार्यको अन्तिम मूल्याङ्कन हुँदा सम्झौता अंक भन्दा कम मूल्याङ्कन भएमा सोही मूल्याङ्कित रकमको अनुपातमा उल्लेखित अंश बमोजिमको सहभागिता कट्टा गर्नुपर्नेछ।

९. समितिले प्राविधिकको राय परामर्श एवम् निर्देशन अनुरूपको काम गर्नुपर्नेछ।

१०. समितिले आयोजनासँग सम्बन्धित बिल भर्पाई, डोर हाजिरी फाराम, जिन्सी नगदी खाता, समिति वा समूहको निर्णय पुस्तिका आदि कागजात कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण समेत गराउनुपर्नेछ।

११. समितिले कुनै सामग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्म वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भर्पाई आधिकारिक पदाधिकारीबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ।

१२. समितिले मूल्य अभिवृद्धि कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा बीस हजार रूपैयाँ भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रूपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा

सचिव

मन्त्री

कम्पनीबाट खरिद गर्नुपर्नेछ। उक्त बिलमा उल्लिखित मूल्य अभिवृद्धि कर बाहेकको रकममा एक दशमलव पाँच प्रतिशतका दरले अग्रीम आयकर वापतको रकम कट्टी गरी बाँकी रकम मात्र भुक्तानी दिनुपर्नेछ। बीस हजार रूपैयाँ भन्दा कम मूल्यको सामग्री खरिदमा पान नम्बर लिएको व्यक्ति वा फर्मबाट पनि खरिद गर्न सक्नेछ। साथै प्रचलित कानून बमोजिम अन्य कर, रोयल्टी सम्बन्धी व्यवस्थापन उपभोक्ता समितिबाट हुनेछ।

१३. विशेष अवस्थामा मेसिनरी औजार भाडामा लिई कार्य गरेको भएमा सो कार्यको बिल भर्पाई बमोजिम प्रचलित नियमानुसार भाडा कर कट्टा गरी भुक्तानी गर्नुपर्नेछ।

१४. शुरूको सम्झौतामा उल्लिखित कार्य विवरणमा परिवर्तन हुने भएमा अधिकार प्राप्त अधिकारीले सम्झौता संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ। यसरी सम्झौता संशोधन नगरी कार्य गरेमा समिति आफैं जिम्मेवार हुनेछ।

१५. समितिले काम सम्पन्न गरीसकेपछि बाँकी रहन गएको खप्ने सामग्रीहरू मर्मत सम्भार समिति गठन भएको भए सोही समितिलाई र सो समिति गठन नभएको भए सम्बन्धित समितिले मर्मत सम्भारका लागि सुरक्षित राखी सोको विवरण सहितको जानकारी कार्यालयमा बुझाउनु पर्नेछ।

१६. समितिले सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि सामाजिक परीक्षणबाट बिल भर्पाई, श्रमदान र खर्चको समर्थन भएको निर्णय, योजनाको फोटो, अनुगमन प्रतिवेदन, उपभोक्ता भेलाबाट भएको अन्य निर्णयको प्रतिलिपि सहित अन्तिम किस्ता भुक्तानीका लागि समितिको निर्णय सहित कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

१७. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी उपभोक्तालाइ हस्तान्तरण गर्नुपर्नेछ। हस्तान्तरण भए पश्चात मर्मत सम्भारको व्यवस्था सम्बन्धित उपभोक्ताहरूले नै गर्नुपर्नेछ।

१८. आयोजना कार्यान्वयन गर्ने समिति वा समूहले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नुपर्नेछ।

१९. आयोजनाको सबै काम प्राविधिकको राय सल्लाह बमोजिम समितिको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ।

<u>(ख) कार्यालयको जिम्मेवारी तथा पालना गर्नुपर्ने शर्तहरू</u>

१. खरिद लेखांकन, प्रतिवेदन लगायतका कार्यमा समितिका पदाधिकारीलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

२. कार्यालयबाट उपलब्ध गराउन सकिने आवश्यक प्रविधिक सहयोग समितिलाई उपलब्ध गराउने,

३. आयोजनाको प्राविधिक सुपरीवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक कर्मचारी खटाउने र समितिबाट भएको कामको नियमित सुपरीवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिक कर्मचारीको हुने,

प्रदेश सचिव

माननीय मन्त्री

४. श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरेको भएमा उक्त कार्य मेसिनरी उपकरणको प्रयोगबाट गर्न पाइने छैन। यदि त्यस्तो कार्य मेसिनरी उपकरणको प्रयोग गरेको पाइएमा समितिलाई भुक्तानी गरीएको रकम मूल्याङ्कन गरी बढी भएको रकम समितिबाट सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने,

५. आयोजना सम्पन्न भएपछि कार्यालयबाट प्राविधिक मूल्याङ्कन र जाँचपास गरी फरफारक गर्नुपर्ने,

६. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन सम्बन्धित समितिबाट अनुरोध भई आएपछि समितिलाई बैंकखाता मार्फत भुक्तानी दिनुपर्ने,

७. योजना सम्झौता म्याद कार्यालयले आवश्यक ठानेमा थप गर्न सक्नेछ तर अर्को आर्थिक वर्षमा सर्ने गरी म्याद थप गर्न पाइने छैन,

यसमा उल्लेख भए बमोजिमका शर्तहरू पालना गर्न हामी देहायका पक्षहरू मञ्जुर भई सही छाप गरी एक/एक प्रति लियौं / दियौं।

उपभोक्ता समितिको तर्फबाटः
दस्तखत ....
नाम, थर ....
पद ....
ठेगाना ....
सम्पर्क नं. ....
मिति ....

प्रदेश सचिव

कार्यालयको तर्फबाटः
दस्तखत ....
नाम, थर ....
पद ....
ठेगाना ....
सम्पर्क नं. ....
मिति ....

माननीय मन्त्री

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
हेटौंडा, नेपाल

माननीय मन्त्री

अनुसूची-२

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

लागत सहभागिताको विवरण

सि. नं.	विवरण		उपभोक्ताले व्यहोर्नुपर्ने न्यूनतम अंश (सम्झौता रकमको)
१.	खानेपानी आयोजना	पाइपलाइन खन्ने पुर्ने कार्य	२०%
		संरचना निर्माण कार्य	१०%
२.	सिंचाइ, तटबन्धन, ऊर्जा, ढल तथा अन्य संरचना निर्माण सम्बन्धी		१०%

नोटः सम्झौता बमोजिमको कार्यको अन्तिम मूल्याङ्कन हुँदा सम्झौता अंक भन्दा कम मूल्याङ्कन भएमा सोही मूल्याङ्कित रकमको अनुपातमा माथि उल्लिखित अंश बमोजिमको सहभागिता कट्टा गर्नुपर्नेछ।

प्रदेश सचिव

माननीय मन्त्री

बागमती प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-३

(दफा १० को उपदफा (७) सँग सम्बन्धित)

खर्च सार्वजनिक सूचना फाराम

१. आयोजनाको नामः ....

२. आयोजना स्थलः ....

३. आयोजना सञ्चालन गर्ने कार्यालयः ....

४. खर्च सार्वजनिक मितिः ....

५. विनियोजन बजेटः ....

६. आयोजना स्वीकृत भएको आ.व.: ....

७. आयोजना सम्झौता मितिः ....

८. काम सम्पन्न गर्नुपर्ने मितिः ....

९. काम सम्पन्न भएको मितिः ....

१०. उपभोक्ता समितिको बैठकले खर्च स्वीकृत गरेको मितिः ....

११. आम्दानी र खर्चको विवरणः

आम्दानीतर्फ		खर्चतर्फ	
विवरण	रकम रू.	विवरण	रकम रू.
प्रथम किस्ता		ज्याला	
दोस्रो किस्ता		निर्माण सामग्री खरिद	
तेश्रो किस्ता		ढुवानी	
जनश्रमदान		भाडा	
बस्तुगत सहायता		व्यवस्थापन खर्च	
लागत सहभागिता			

सचिव

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
हेटौंडा, नेपाल

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ विवरण हो। यसमा सबै आम्दानी तथा खर्च समावेश गरीएको छ। साथै उपभोक्ताहरूको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ। यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ।

....	....	....
कोषाध्यक्ष	सचिव	अध्यक्ष

प्रदेश सचिव

माननीय मन्त्री

अनुसूची-४

(दफा १० को उपदफा (७) सँग सम्बन्धित)

<u>आयोजना सूचना पाटीको नमूना</u>

१. आयोजनाको नामः

२. आयोजना निर्माण स्थलः

३. कामको विवरणः

४. आयोजना सञ्चालन गर्ने कार्यालयः

५. उपभोक्ता समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवको नाम र सम्पर्क नं.:

६. आयोजनाको कूल लागत रकम रुः

६.१. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रकम रूः

६.२. जनसहभागिताबाट व्यहोर्ने लागत रकम रूः

६.३. आयोजनामा लगानी गर्ने अन्य निकायको नाम र ब्यहोर्ने लागत रकम रुः

७. आयोजना सम्झौता मितिः

८. आयोजना सम्पन्न गर्नु पर्ने मितिः

९. आयोजनाबाट लाभान्वित जनसङ्ख्याः

प्रदेश सचिव

माननीय मन्त्री

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-५

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

विवरण पेश गरेको कार्यालय..............................

१. आयोजनाको विवरण

आयोजनाको नामः वडा नं. टोल/ बस्तीः

उपभोक्ता समितिका अध्यक्षः उपभोक्ता समितिका कोषाध्यक्षः

उपभोक्ता समितिका सचिवः

२. आयोजनाको लागतः प्राप्त अनुदान रकम रू.......................

चन्दा रकम रू .... जनसहभागिता रकम रू........................

जम्मा रकम रू................... हाल सम्मको खर्च रू...............

क. कार्यालयबाट प्राप्त रकम रू ....

१. निर्माण सामग्री (सीमेन्ट, छड, काठ, ढुंङ्गा, बालुवा, गिट्टी, उपकरण आदि) रू

२. ज्यालाः- दक्ष रुः- अर्धदक्ष रुः- जम्मा रू

३. मसलंद सामान (कापी, कलम, मसी, कागज आदि) रू.

४. दैनिक भ्रमण भत्ता (सम्झौता स्वीकृत भए) रू.

५. अन्य

जनसहभागिता बाट व्यहोरिएको खर्च रू .... श्रमको मूल्य बराबर रकम रू ....

जिन्सी सामान मूल्य बराबर रकम रू .... कूल जम्मा रू ....

६. प्राविधिक प्रतिवेदन बमोजिम मूल्याङ्कन रकम रू..................

७. उपभोक्ता समूहको निर्णय बमोजिम/ समिक्षाबाट खर्च देखिएको रू ....

८. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरुः

समाधानका उपायहरू

९. कार्यालय र अन्य निकायबाट अनुगमन भएः अनुगमनको सुझावः

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
हेटौंडा, नेपाल

१०. हाल माग गरेको किस्ता रकम रू

११. मुख्य खर्च प्रयोजन

१२. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौं।

…………………	………………	………………
तयार गर्ने सचिव	कोषाध्यक्ष	अध्यक्ष

प्रदेश सचिव

माननीय मन्त्री

अनुसूची-६

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

<u>सामाजिक लेखापरीक्षण फारामको ढाँचा</u>

१. आयोजनाको नाम

(क) स्थल:

(ख) लागत अनुमान ....

(ग) आयोजना शुरू भएको मिति ....

(घ) आयोजना सम्पन्न भएको मिति ....

२. उपभोक्ता समितिको:

(क) नाम ....

(ख) अध्यक्षको नाम ....

(ग) सदस्य संख्या ....

(घ) महिलाको संख्या ....

(ङ) पुरूषको संख्या ....

३. आम्दानी र खर्चको विवरण:

(क) आम्दानी तर्फ जम्मा

क्र.स.	आम्दानीको स्रोत	रकम वा परिमाण	कैफियत

(ख) खर्च तर्फ जम्मा

क्र.स	खर्चको विवरण	दर	परिमाण	जम्मा	कैफियत
१.	<u>सामग्रीको नाम</u> (१) (२)				

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
हेटौंडा, नेपाल

२.	ज्याला वापत भुक्तानी रकम				
३.	जन श्रमदान				
४.	व्यवस्थापन खर्च				
५.	ढुवानी खर्च				
६.	अन्य				

(ग) मौज्दात परिमाण

क.सं.	विवरण	रकम वा परिमाण	कैफियत
१.	नगद		
२.	बैंकको नाम		
३.	व्यक्तिको जिम्मा		
४.	<u>सामग्रीको नाम</u> (१) (२) (३) (४) (५)		
५.	अन्य		

(घ) भुक्तानी दिन बाँकी

क.सं.	विवरण	रकम वा परिमाण

१.		
२.		

(ङ) सम्पन्न आयोजनाहरूको लक्ष्य तथा प्रगति विवरण

क्र.सं.	कामको विवरण	लक्ष्य	प्रगति

४. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसङ्ख्याः

५. उपस्थितिः

(१)

(२)

(३)

(४)

रोहवरः

नाम र थर ....

पद ....

मिति ....

द्रष्टब्यः सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित सरोकारवालाहरूको उपस्थिति अनिवार्य रूपमा संलग्न हुनु पर्नेछ।

प्रदेश सचिव

माननीय मन्त्री